# लालझाडी राजपत्र

**खण्ड १० संख्या ५ मिति २०८३।०४।११ गते**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०४।०८**

## भाग...

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो लालझाडी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यविधि, २०८३ प्रकाशन गरिएको छ;

संवत् २०८३ कार्यविधि नं. १

**प्रस्तावनाः** लालझाडी गाउँपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयमा रहेको शिक्षक विद्यार्थी संख्याको अनुपात बमोजिम

विद्यालयमा शिक्षकको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले लालझाडी गाउँपालिकाको गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (२) ज (११) ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यविधि बनाइएको छ।

## परिच्छेद – १
## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस कार्यविधिको नाम " लालझाडी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यविधि, २०८३" रहेको छ।

(ख) यो कार्यविधि लालझाडी गाउँपालिका भर लागु हुनेछ।

(ग) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

**२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

(क)"गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिका बुझ्नु पर्नेछ।

(ख)"अध्यक्ष" भन्नाले लालझाडी गाउँपालिकाको अध्यक्षलाई बुझ्नुपर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले लालझाडी गाउँपालिका उपाध्यक्ष लाई बुझ्नुपर्दछ।

(घ) "कार्यपालिका" भन्नाले लालझाडी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले लालझाडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

(च) "गाउँ शिक्षा समिति" भन्नाले लालझाडी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(छ) "दरबन्दी मिलान तथा पुनर्वितरण भन्नाले" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी, करार, राहत, संघीय अनुदान कोटाका शिक्षक तथा गाउँपालिका अनुदान कोटाका शिक्षकलाई सम्झनुपर्दछ।

(ज) "ऐन" भन्नाले लालझाडी गाउँपालिका शिक्षा ऐन, २०८१ (दोस्रो संशोधन) तथा शिक्षा ऐन, २०२८ संसोधन सहितलाई बुझ्नुपर्दछ।

(झ) "नियमावली" भन्नाले शिक्षा नियमावलि, २०५९ संसोधन सहित लाई बुझ्नुपर्दछ।

(ञ) "तह" भन्नाले विद्यालयको तह बुझ्नु पर्नेछ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले सामुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्दछ।

(ठ) "शाखा प्रमुख" भन्नाले गाउँपालिका भित्र स्थानिय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन,निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन तथा नियमावलि बमोजिम तोकिएको कार्य गर्न खटाएको शिक्षा युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नुपर्दछ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ) "विद्यालय समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा तह वा कक्षा घटाउने बुझ्नुपर्दछ।

(ण) "विद्यालय व्यवस्थापन समिति" भन्नाले लालझाडी गाउँपालिका भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(त) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम कार्यविधिमा तोकिएको वा तोकिएको बमोजिम सम्झनुपर्दछ।

## परिच्छेद - २
## विवरण अद्यावधिक गर्ने:

**३. वि**द्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गर्नु पर्नेछ। विवरण अद्यावधिक गर्दा चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी संख्या,विद्यालयमा स्वीकृत तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खाने गरी शिक्षक छनौट प्रक्रिया पूरा

गरी आएका हाल कार्यरत स्थायी, अस्थायी, करार, राहत तथा अनुदान शिक्षकहरुको विवरण अद्यावधिक गर्नुपर्नेछ।

**४. अवधि** तोकि काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलव भत्ता पाउँदछन सोहि विद्यालयको शिक्षकमा गणना गर्नु पर्नेछ । अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ।

## परिच्छेद - ३

## विद्यालयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणका मापदण्ड तथा आधारहरु

५. यो कार्यविधी लागु हुँदाका बखत गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा कायम रहेको कुल शिक्षक दरवन्दी, राहत,अस्थायी,करार तथा अनुदान कोटा समेत एकमुष्ठ गणना गरी प्रत्येक विद्यालयमा प्राथमिक तहमा १ वटा स्वीकृत दरबन्दी अनिवार्य रहने गरी विद्यार्थी संख्याका आधारमा शिक्षक कोटा अथवा दरबन्दी पुनर्वितरण गर्ने।

६. कक्षा १ - ५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्युन विद्यार्थी संख्या रहेपनि न्युनतम २ ओटा दरबन्दी कायम गर्ने । यसरी कायम हुने संख्या मध्ये कम्तीमा १ वटा स्वीकृत दरवन्दी कायम गर्ने र अन्य राहत कोटा तथा अनुदान कोटाको शिक्षक रहने व्यवस्था गर्ने।

७. कक्षा १ - ५ सञ्चालन भएका सामुदायिक विद्यालयमा सम्वन्धित तहमा ५० देखि ७० सम्म विद्यार्थी संख्या रहेको भएमा ३ वटा , ७० देखि ९० सम्म विद्यार्थी संख्या रहेको भएमा ४ वटा, ९० देखि १४० सम्म विद्यार्थी संख्या रहेको भएमा ५ वटा शिक्षक कोटा/दरबन्दी कायम गर्ने । यसरी शिक्षक व्यवस्थापन गर्दा समेत शिक्षक संख्या बचत हुने भएमा कक्षा १-८ मात्र संचालित विद्यालयहरु मा १/१वटा, कक्षा १-१० मात्र संचालित तर मा. वि. तहमा ४ वटा भन्दा कम शिक्षक संख्या रहेको विद्यालयमा १/१ वटा र कक्षा १-१२ संचालित विद्यालयहरुमा २/२ वटा का दरले शिक्षक कोटा/दरबन्दी थप गर्ने । यसरी वितरण गर्दा समेत संख्या बचत हुने देखिएमा सम्वन्धित तहमा उच्चतम विद्यार्थी संख्या रकेको विद्यालयमा क्रमश:थप गर्ने। यसरी शिक्षक कोटा पुनर्वितरण गर्दा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, संघीय शिक्षण अनुदान कोटा र गाउँपालिकाको अनुदान कोटाको अनुपात मिलाएर वितरण गर्ने।

८. कक्षा १ - ८ सञ्चालन भएका सामुदायिक विद्यालयमा न्युनतम ७ जना (प्रा.वि. ३ जना र नि.मा.वि. ४ जना) शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने। सोभन्दा शिक्षक संख्या थप वा घट गर्नु पर्दा विद्यार्थी संख्या र विषयगत आधारमा गर्ने।

९. कक्षा ९ – १० सञ्चालन भएका सामुदायिक विद्यालयमा ५ ओटासम्म (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका

अनुदानको शिक्षक) दरबन्दी कायम गर्ने । सोभन्दा शिक्षक संख्या थप वा घट गर्नु पर्दा विद्यार्थी संख्या र विषयगत आधारमा गर्ने ।

१०. कक्षा ९ - १२ सञ्चालन भएका सामुदायिक विद्यालयमा ८ (५ जोड ३) ओटा सम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने । यसरी दरबन्दी कायम गर्दा प्राविधिक धार संचालित विद्यालयलाई प्राथमिकता हुने गरी गर्नुपर्नेछ ।

११. खण्ड ८,९ र १० बमोजिम शिक्षक व्यवस्थापन गर्दा जिल्ला,प्रदेश र केन्द्रमा पुलमा रहेका दरबन्दीबाट प्राप्त हुने दरबन्दी मध्ये वा संघीय शिक्षण अनुदान बाट प्राप्त हुने वा गाउँपालिका अनुदानबाट प्राप्त हुने शिक्षक कोटा बाट व्यवस्थापन गर्ने ।

१२. गाउँपालिका भित्र रहेका बालविकास कोटाहरु पुनर्वितरण गर्ने तथा २५ जना सम्म विद्यार्थी संख्या रहेको केन्द्रमा कम्तिमा १ जना बालविकास शिक्षक/सहजकर्ता रहने गरी थप २५ जना विद्यार्थी बराबर १ जना हुने गरी केन्द्रगत कोटा निर्धारण गर्ने र यसो गर्दा समेत कोटा बढी हुन गएमा उच्चतम विद्यार्थी संख्या रहेको केन्द्रहरुमा क्रमश: नियुक्ति, शैक्षिक योग्यता र उमेरको जेष्ठताको आधारमा प्राथमिकता दिइ मिलान गर्ने ।

१३. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले सामुदायिक विद्यालयहरुमा रहने तहगत र विषयगत शिक्षक दरबन्दी/कोटा निर्धारण तथा पुनर्वितरण गरी विद्यालय शिक्षाको

जुनसुकै तहमा आवश्यक परेको खण्डमा चरणवद्ध रुपमा शिक्षक दरबन्दी मिलान गर्न सक्नेछ ।

१४. यस कार्यविधिमा अन्यत्र जे सुकै लेखिएको भए तापनि नि.मा.वि. अथवा आधारभूत तह कक्षा ६-८ मा हाल कायम रहेका स्वीकृत दरवन्दी,राहत,संघीय अनुदान तथा गाउँपालिका अनुदानका कोटाहरु र खण्ड ७ बमोजिमका कक्षा १-८ मात्र संचालित विद्यालयहरुमा थप हुने कोटा समेत एकमुष्ठ आधारभूत तह कक्षा ६-८ मा गणना गरी कक्षा ६-८ संचालित विद्यालयहरुमा पुनर्वितरण गर्ने । यसरी वितरण गर्दा गाउँकार्यपालिकाले माध्यमिक विद्यालयहरुमा ३/३ वटा र कक्षा ६-८ संचालित अन्य आधारभूत विद्यालयहरुमा २/२ वटा शिक्षक दरबन्दी/कोटा रहने गरी कायम गर्ने । यसरी कायम गर्दा सबै प्रकृतिको शिक्षक कोटा समेटिने गरी विषयगत रुपमा समेत न्यायिक हुने गरी वितरण गर्ने ।

## परिच्छेद - ४
## दरवन्दी मिलानका थप प्रक्रिया

१५. दरवन्दी मिलानको क्रममा अपनाउने थप प्रक्रिया

(क) शिक्षक दरबन्दी मिलान कार्यदलको सिफारिसमा कार्यपालिकाले अनुसूचि २ बमोजिम दरबन्दी मिलान पछि सामुदायिक विद्यालयमा तहगत रुपमा कायम हुने शिक्षक दरबन्दी कोटा निर्धारण गर्ने ।

ख) कार्यपालिका बाट विद्यालयगत र तहगत रुपमा शिक्षक दरबन्दी/कोटा निर्धारण भए पछि गाउँकार्यपालिकाको कार्यालयले विद्यालयगत र तहगत रुपमा पुनर्विरतण भएको स्वीकृत दरबन्दी, राहत, संघीय अनुदान र गाउँपालिकाको अनुदान कोटा समेत खुल्ने गरी दरबन्दी मिलान(स्थानान्तरण)का लागि आवेदन पेश गर्न कम्तिमा सात दिनको सूचना प्रकाशन गर्ने ।

ग) आधारभूत तह (कक्षा १-५), आधारभूत तह, (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१०) र माध्यमिक तह (कक्षा ११-१२) मा स्वीकृत दरवन्दी, राहत, संघीय शिक्षण अनुदान र गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षकहरुले अनुसूचि १ बमोजिमको ढाँचामा प्राथमिकताक्रम अनुसार इच्छाइएको विद्यालय छनौट गरी दरबन्दी मिलानका लागि गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्ने ।

घ) खण्ड ग बमोजिम निवेदन पेश गर्दा यो कार्यविधि लागु हुँदाका बखत विद्यालयमा कार्यरत रहेको स्थायी,करार/अस्थायी,संघीय शिक्षण सहयोग अनुदान,गाउँपालिका अनुदान कोटामा कार्यरत रहेको जुनसुकै शिक्षकले अनिवार्य अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ । यसरी निवेदन पेश नगर्ने शिक्षकलाई गाउँकार्यपालिकाले आवश्यक ठहरिएको विद्यालयमा शिक्षक दरबन्दी मिलान अन्तरगत स्थानान्तरण गर्नेछ । यसरी निवेदन पेश गर्दा १ वर्ष भित्र काजमा सरुवा भइ आएको शिक्षकले निवेदन पेश गर्न आवश्यक रहेको मानिनेछैन ।

ङ) कुनै विद्यालयमा हाल कायम रहेको शिक्षक दरबन्दी भन्दा कम दरबन्दी कायम हुने अवस्था भएकोमा जुन प्रकृतिको शिक्षक कोटा कट्टा गरिएको हो त्यस्तो प्रकृतिको शिक्षकहरु मध्ये कनिष्ठ शिक्षकलाई स्थानान्तरण गर्न आवश्यक रहेको अर्को विद्यालयमा  खटाउन सकिनेछ।

(च) शिक्षकले दरबन्दी मिलानका लागि निवेदन पेश गर्दा आफु कार्यरत रहेको प्रकृतिको शिक्षक/कोटा जुन जुन विद्यालयमा कायम रहेको छ सोहि विद्यालय मात्र प्राथमिकिकरण गरी छनौट गर्नु पर्नेछ।

(छ) कुनै विद्यालयमा दरवन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्ने। तर जुन विद्यालयमा शिक्षक पदपुर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा गाउँपालिकाले शिक्षक नियुक्ति लागि प्रक्रिया अगाडि बढाउन अनुमति दिने व्यवस्था मिलाउने।

(ज) दरबन्दी मिलान गर्दा सबै सामुदायिक विद्यालयको हकमा न्युनतम विद्यार्थी संख्याका आधारमा  शिक्षक संख्या कायम गर्ने।

(झ) गाउँपालिकाले आवश्यकतालाई ध्यानमा राखी जुनसुकै तहको पनि दरवन्दी मिलान गर्न सक्ने।

ञ) आधाभूत तह कक्षा (६-८), माध्यमिक तह कक्षा (९-१०) र माध्यमिक तह कक्षा (११-१२) मा विषयगत आधारमा मेल खाएमा दरबन्दी मिलानका क्रममा पारिस्परिक सरुवा गर्न सकिने छ।

ट) एउटै विद्यालयमा तीन बर्ष सेवा अवधि पुरा गरेको शिक्षकले हाल कार्यरत विद्यालय छनौट गर्न पाउने छैन। यस्तो शिक्षकले सोहि विद्यालय छनौट गरेमा वा कुनै विद्यालय छनौट नगरेमा पनि गाउँपालिकाले आवश्ययक ठहरेको अर्को विद्यालयमा उक्त शिक्षकलाई स्थानान्तरण गर्न वाधा पर्ने छैन।

## परिच्छेद - ५
## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापन

१६. शिक्षक दरबन्दी मिलानका क्रममा शिक्षकलाई काज सरुवा गर्दा क्रमश: स्थायी नियुक्ति, अस्थायी/करार नियुक्ति,राहत अनुदान, संघीय अनुदान कोटा र गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षकको नियुक्तिको जेष्ठताको आधारमा विद्यालय छौटका लागि प्राथमिकता दिन सकिने। नियुक्ति मितिले जेष्ठता छुट्याउन नसकिने अवस्थमा माथिल्लो शैक्षिक योग्यतालाई आधार लिन सकिने तथा शैक्षिक योग्यता बाट समेत स्पष्ट हुन नसकेमा उमेरको जेष्ठतालाई आधार लिन सकिने छ।

१७. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी संख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएका विद्यालयमा सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरुलाई सम्वोधन गर्ने।

१८. सर्वप्रथम सम्बन्धित वडा एवं नजिकको वडाका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरुको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने । स्नातक उत्तीर्ण शिक्षकलाई माध्यमिक विद्यालयमा र स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म कक्षा ११ र १२ चलिरहेको मा.वि.मा पठाउने व्यवस्था गर्ने ।

१९. दरबन्दी मिलान गर्दा कमि वा बढी हुने शिक्षकहरुको संख्या एकिन गरी साराशं विवरण तयार गर्ने ।

२०. अपांगता भएका र महिला शिक्षकको हकमा कनिष्ठ शिक्षक भए पनि विद्यालय छनौटको प्राथमिकताका आधारमा सहुलियत दिन सकिने । तर यसो गर्दा प्राथिमकतामा रहेको विद्यालयमा मिल्दो प्रकृतिको शिक्षक दरवन्दी निर्धारण भएको हुनु पर्नेछ ।

२१. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दा सम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गर्ने र शिक्षण व्यवस्थापन अनुदान समेत वितरण नगर्ने । नियुक्ति र सरुवाको अनुमति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपात अनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दा सम्म नयाँ नियुक्ति गर्न अनुमति नदिने र सरुवा गरेर पनि पदपुर्ति नगर्ने । उक्त पद /दरबन्दीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिने ।

२२. दरबन्दी नभएको विद्यालयमा मिलानपछि शिक्षक व्यवस्था गर्नु परेमा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरी काज सरुवा गर्ने ।

२३. विद्यालयहरुको आवश्यकताको आधारमा विषयगत शिक्षक नभएका विद्यालहरुमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम विषयगत मिलान गर्न सकिने । मिलान गर्नु पुर्व सम्वन्धित शिक्षकलाई अनुसूची १ वमोजिमको फारम भराई निजले रोजे बमोजिमको सम्भव भए अनुसार विद्यालयमा मिलान गर्ने ।

२४. शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने: यस कार्यविधि बमोजिम स्थानान्तरण तथा मिलान भएका शिक्षकहरु प्रचलित काननुले तोकेको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य यरुपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुनेछैन ।

२५. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने: दरबन्दी सहिति यस कार्यविधि बमोजिम  स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

२६. प्रधानाध्यापक जिम्मेवार  हुने : यस  कार्यविधि  बमोजिम दरबन्दी पुनर्विरतण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण जाने शिक्षकलाई रमाना दिने  जिम्मेवारी सम्वन्धित प्रधानाध्यापकको  हुनेछ ।

२७. दरबन्दी मिलान तथा पुनर्विरतण बाट शिक्षक व्यवस्थापन कार्य भइ विद्यालयमा हाजिर भएका वरिष्ठतम शिक्षकहरु मध्ये बाट प्रचलित कानुन बमोजिम विद्यालयले प्रधानाध्यापक नियुक्त गर्नुपर्नेछ ।

(क) अन्यत्र जे जुकै लेखिएको भए तापनि शिक्षा नियमावली (दशौ संसोधन) २०८३ अनुसार प्रधानाध्यापक नियुक्ति र शिक्षक सरुवा गर्न यस कार्याविधिमा भएको व्यवस्था कै कारण बाधा परेको ठहरिने छैन।

२८. दरबन्दी मिलान कार्य अवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रवाट शिक्षक दरबन्दी मिलान सम्बन्धी कुनै नीति, नियम, निर्देशन वा कार्यविधि जारी भएमा सोहि अनुसार गर्ने गराउने।

## परिच्छेद – ६
## दरवन्दी मिलान कार्यदलको गठन

२९. दरवन्दी मिलान कार्य गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गर्न सकिनेछ । दरबन्दी मिलान समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछनः

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. सामाजिक विकास समिति संयोजक-सदस्य

ग. गाउँपालिका प्रमुखबाट मनोनित कार्यपालिका सदस्य मध्येवाट एक जना महिला - सदस्य

घ. नेपाल शिक्षक महासंघका गाउँपालिका अध्यक्ष - सदस्य

ङ. गाउँपालिका अध्यक्षबाट मनोनित वि.व्य.स.अध्यक्ष मध्ये १ जना - सदस्य

च. प्रधानाध्यापकहरु मध्ये एक जना- सदस्य

छ. शिक्षा शाखा प्रमुख– सदस्य सचिव

३०. शिक्षा युवा तथा खेलकुद शाखाका तथ्याङ्क हेर्ने कर्मचारी तथा अन्य दुई जना जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमा आमन्त्रित गर्न सकिनेछ।

३१. समितिको सचिवालय गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ .

३२. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेसनरी तथा कम्प्युटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ।

**३३. दरबन्दी मिलान कार्यदलको काम, कर्तव्य र अधिकार**

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या र न्युनतम विद्यार्थी संख्या एकिन गरी दरबन्दी मिलान पछि विद्यालयमा तहगत रुपमा कायम हुने शिक्षक संख्या र थप दरबन्दी निर्धारणका लागि कार्यपालिकालाई सिफारिस गर्ने।

ख. शिक्षकहरुवाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित सिफारिस गर्ने।

ग. गाउँपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ७
## विविधः

३४. कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

३५. कार्यविधि संसोधनः यस कार्यविधिका प्रावधानहरुमा गाउँकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

३६. बाधा अड्चन फुकाउः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ ।

३७. यस अघि गाउँपालिकाले शिक्षक दरबन्दी मिलानका लागि बनेका कार्यविधि यो कार्यविधि प्रमाणिकरण तथा लागु भए संगै खारेज हुनेछ । यो कार्यविधिमा ब्यवस्था भएका कुराहरु प्रदेश वा संघीय शिक्षा ऐन, नियमावली तथा कार्यविधिले ब्यवस्था गरेका कुराहरुसँग बाझिन गएमा स्वतः खारेज हुनेछन् ।

**अनुसूची १**

**(नियम २३ सँग सम्वन्धित)**

**शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यविधी, २०८३ अनुसार विद्यालय छनौट निवेदन**

**विषयः आन्तरिक सरुवा/काज सरुवा/ सरुवा/पदस्थापन/स्थानान्तरण सम्बन्धमा।**

**श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,**

**लालझाडी गाउँपालिका, शंकरपुर, कंचनपुर ।**

**महोदय,**

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको मिति…………………को प्रकाशित सूचना अनुसार लालझाडी गाउँपालिकाको दरवन्दी मिलान तथा पुनर्वितरण कार्यविधी, २०८३ अनुसार गाउँपालिकाले गर्ने दरवन्दी मिलानका क्रममा मलाई देहायका उपलब्ध सम्भावना तथा प्राथमिकतामा रहेका विद्यालयमा आन्तरिक सरुवा/ काज सरुवा/ सरुवा/ पदस्थापन/स्थानान्तरण गरिदिन हुन तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**आन्तरिक सरुवा/ काज सरुवा/ सरुवा/स्थानान्तरणका क्रममा जान चाहेको विद्यालयको सम्भावित प्राथमिकताक्रम**

| प्राथमिकताक्रम संख्या | विद्यालयको नाम र ठेगाना | प्राथमिकताक्रम संख्या | विद्यालयको नाम र ठेगाना |
|---|---|---|---|
| १ | | ९ | |
| २ | | १० | |
| ३ | | ११ | |
| ४ | | १२ | |
| ५ | | १३ | |

| | | | |
|---|---|---|---|
| ६ | | १४ | |
| ७ | | १५ | |
| ८ | | १६ | |

**दायाँ** **वायाँ**

| | |
|---|---|
| | |

नामथर……………………………………….. संकेत नं: ………………

स्थायी□ करार/अस्थायी□ राहत□ संघीय शिक्षण अनुदान□ गाउँपालिका अनुदान□ **आधार** शुरु नियुक्ति मिति: ……..………साल………………महिना…………..…गते

हालको विद्यालयमा हाजिर मिति: …………..……………

आवेदन दिने अन्तिम मिति सम्म हालको विद्यालमा पुग्ने सेवा अवधि:……..वर्ष…..…महिना…..... दिन

तह: ……………………श्रेणी: ……………………

विषयः……………………………

माथिल्लो शैक्षिक योग्यता र विषय:……………………………………………………

लालझाडी गाउँपालिका

## अनुसूची-२

**(नियम १५ सँग सम्वन्धित)**

..................... तह कक्षा (..........) मा हाल कायम रहेको र मिलान पछि कायम हुने शिक्षक दरबन्दी संख्या

| सि. नं | विद्यालय को नाम र ठेगाना | हाल कायम रहेको दरबन्दी संख्या | | | | | नयाँ कायम हुने दरबन्दी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | राहत | संघीय अनुदान | गा पा अनुदान | जम्मा | स्वीकृत दरबन्दी | राहत | संघीय अनुदान | गा पा अनुदान | जम्मा |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| . | | | | | | | | | | | |
| . | | | | | | | | | | | |
| . | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

आज्ञाले

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत